# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खोपवा,बारा
## मधेश प्रदेश, नेपाल

प.त्र.सख्या : २०७८।०७९

मिति : २०७९।०३।०६

च.नं.: ८४८

श्री वडा कार्यालय सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री उपभोक्ता समितिहरु सबै,
श्री निर्माण व्यवसायिहरु सबै,

**विषय : भुक्तानि तथा खाता बन्द सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३०(१) बमोजिम कुनै आर्थिक बर्षमा दायित्व सिर्जना भई भुक्तानी दिनुपर्ने सम्पूर्ण रकमहरु सो आर्थिक बर्ष समाप्त हुनुभन्दा ७ (सात) दिन अगावै भुक्तानि लिई/ दिई लेखा अधावधिक गरि भुक्तानि निकासा बन्द हुने/ गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएकाले यस आ.ब.०७८।०७९ का सम्पूर्ण योजना तथा कार्यकमको मिति २०७९।०३।१५ गते भित्र कार्य सम्पन गरी आवश्यक सम्पूर्ण कागजात सहित रकम भुक्तानिका लागि कार्यालयमा पेश गरी मिति २०७९।०३।२० गते भित्र अनिवार्य भुक्तानी लिई योजना कार्यकम फरफारक गर्नुहुन अनुरोध छ ।

मिति २०७९।०३।२० गते भन्दा पछाडि आर्थिक बर्ष समाप्त नहुदै संघीय र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका खर्च हुन नसकेका योजना कार्यक्रमहरुको रकम फिर्ता पठाउनुपर्ने, कर दाखिला गर्नुपर्ने तथा सो कार्यहरुको बैंक भौचर को.ले.नि.का.मा बुझाउनु पर्ने र यस आ.ब.०७८।०७९ को सम्पूर्ण कारोबारहरुको बैंक हिसाब समेत मिलान गरि तालुक निकायहरुमा प्रतिवेदन पठाउनुपर्ने बाध्यत्मक व्यवस्था रहेको सन्दर्भमा मिति २०७९।०३।२० गते भित्र अनिवार्य भुक्तानि लिई फरफारक गरिसक्नुहुन अनुरोध छ । तोकिएको समयभित्र भुक्तानि नलिई पछि कार्यालयबाट भुक्तानि हुन नसकेमा कार्यालय जवाफदेही नहुने र सो को जवाफदेहिता सम्बन्धित सरोकारबालामा नै हुने व्यहोरा समेत सम्बधित सबैको जानकारीका लागि अनुरोधछ ।

............................
आमोद चौधरी
२०७९।०३।०६
प्रमुख प्रशासकिय अधिकृत

**आमोद चौधरी**
**प्रमुख प्रशासकिय अधिकृत**

सादर अवगतार्थ :
श्री गाउँपालिका अध्यक्ष ज्यू, बारागढी गाउँपालिका खोपवा, बारा
श्री गाउँपालिका उपाध्यक्ष ज्यू, बारागढी गाउँपालिका खोपवा, बारा

Email :-Ito.baragadhimun@gmail.com

www.Baragadhimun.gov.np